# उद्देश्य र कारण

आर्थिक वर्ष २०७९।८० को सेवा र कार्यको लागि आलिताल गाउँपालिकाको संचित कोष माथि व्यवभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनिय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकले यस गाउँपालिकाले संचित कोषबाट खर्च गर्ने अधिकारहरुको निमित्त विनियोजन गर्ने सक्ने व्यवस्था गरेको छ ।

द्रष्टव्य : यो अर्थ सम्बन्धी विधेयक हो ।

(शेर सिंह पार्की)
गाउँपालिका अध्यक्ष

# आलिताल गाउँपालिकाको विनियोजन ऐन, २०७९

**<u>प्रमाणीकरण तथा प्रकाशित मिति</u>**
२०७९।०३।१२

**संवत २०७९ को ऐन नं. २**

**<u>प्रस्तावना</u>** : आलिताल गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम आलिताल गाउँ सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "आलिताल गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>** : आर्थिक वर्ष २०७९।८० को निमित्त गाँउ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४६६४८१०००।- (अक्षरुपी छयालियास करोड चौसट्टी लाख एकासी हजार रुपैंया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजन</u>** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९ को निमित्त आलिताल गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# आलिताल गाउँपालिका

# डडेल्धुरा

## आय व्ययको अनुमान

आ.व. २०७९।०८०

अनुसूचि १

| | | | |
|---|---|---|---|
| | | | रु.हजारमा |
| शिर्षक | आ.व. २०७७।०७८ को यथार्थ | आ.व. २०७८।०७९ को संशोधित अनुमान | आ.व. २०७९।०८० को अनुमान |
| **आय** | ४८६८९८ | ४८८०६० | ४६६४८१ |
| **राजश्व** | १०५९०६ | ११२५७३ | १२४८४६ |
| आन्तरिक राजश्व | १४००० | २२१४७ | १७५०० |
| **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | ७९६५५ | ८०४२६ | ९७३४६ |
| क) संघबाट | ७८०६० | ७८६०९ | ९५२२६ |
| ख) प्रदेशबाट (सवारी कर) | १५९५ | १८१७ | २१२० |
| **अन्य आय** | १२२५१ | १०००० | १०००० |
| **क) गत वर्षको नगद मौज्दात** | १२२५१ | १०००० | १०००० |
| **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | ३२६७०० | ३०६४०० | ३२७८०० |
| **नेपाल सरकारबाट प्राप्त** | | | |
| क) संघीय शसर्त अनुदान | २१७००० | २००३०० | १९८३०० |
| ख) वित्तीय समानीकरण अनुदान | ८३५०० | ८८००० | ९४५०० |
| ग) समपुरक अुनदान | १५२०० | ३२०० | ५००० |
| घ) विशेष अनुदान | ११००० | १४९०० | ३०००० |
| **प्रदेश सरकारबाट प्राप्त** | २४२९२ | १९०८७ | १३८३५ |
| क) वित्तीय समानीकरण | ६९४३ | ६०२२ | ६३३५ |
| ख) प्रदेश शसर्त अनुदान | ० | ० | ० |
| ग) समपुरक अुनदान | ११८४९ | ८०६५ | ५००० |
| घ) विशेष अनुदान | ५५०० | ५००० | २५०० |
| अन्तर स्थानीय तहबाट प्राप्त | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| | चालू आ.व.बाट वित्तीय हस्तान्तरण | ० | ० | ० |
| | **अन्य** | ३०००० | ५०००० | ० |
| | मूल सञ्चित कोषमा अनुमानित मौज्दात | ० | ० | ० |
| | सामाजिक सुरक्षा भत्ता | ३०००० | ५०००० | ० |
| | **जनसहभागिता** | ० | ० | ० |
| | नगद जनसहभागिता | ० | ० | ० |
| | श्रम तथा बस्तुगत सहायता | ० | ० | ० |
| **व्यय** | | ४८६८९८ | ४८८०६० | ४६६४८१ |
| | सामाजिक सुरक्षा भत्ता | ३०००० | ५०००० | ० |
| | संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान | २१७००० | २००३०० | १९८३०० |
| | प्रदेश विशेष अनुदान | ५५०० | ५००० | २५०० |
| | संघीय विशेष अनुदान | ११००० | १४९०० | ३०००० |
| | **समपुरक कोष** | | | |
| | प्रदेश समपुरक | २३६९८ | १६१३० | १०००० |
| | संघीय समपुरक | ३०४०० | ६४०० | १०००० |
| | ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना | ११००० | १०००० | ० |
| | यु.एन.डि.पि. कार्यक्रम | १०००० | ७७०० | ० |
| | अन्य समपुरक कोष | ० | ० | १७००० |
| | **अन्य :** | | | |
| | क) गाउँपालिका कार्यालय चालु खर्च | ५४५०० | ६५३३० | ७४१८१ |
| | ख) गाउँपालिका कार्यालय पूँजीगत खर्च | २२१०० | ६५०० | ११००० |
| | ग) गा.पा.स्तरीय योजना तथा कार्यक्रम | ७२०० | ३४८०० | २१३२६ |
| | घ) वडास्तरिय चालू खर्च | ४००० | ४००० | ४८०० |
| | ङ) वडास्तरीय योजना तथा कार्यक्रम | ३६००० | ३२००० | ३७३७४ |
| | च) विषयगत शाखा | १९५०० | ३०००० | ४७००० |
| | च) प्रकोप व्यवस्थापन कोष | ५००० | ५००० | ३००० |
| **बजेट बचत (+)/ न्यून(-)** | | ० | ० | ० |

**आर्थिक वर्ष २०७९।०८० का लागि विषयगत शाखा, वडा कार्यालयका लागि निर्धारण गरिएको बजेट सीमा (शसर्त अनुदान बाहेक)**

**बजेट रु. हजारमा**

| क्र.सं. | शीर्षकको नाम | संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँकार्यपालिकाको कार्यालयको चालु खर्च | १ | ७४१८१ | 74181 |
| २ | गाउँकार्यपालिकाको कार्यालयको पूँजीगत खर्च | १ | ११००० | 11000 |
| ३ | गाउँपालिका प्रशासकीय भवन निर्माण योजना (समपुरक कोष) | १ | १२००० | 12000 |
| ४ | नवप्रवर्तन कार्यक्रम (समपुरक कोष) | १ | ३००० | 3000 |
| ५ | शिक्षा, युवा तथा खेलकुद शाखा | १ | ३१८०० | 31800 |
| ६ | जनस्वास्थ्य शाखा | १ | ५७०० | 5700 |
| ७ | आयुर्वेद शाखा | १ | १००० | 1000 |
| ८ | कृषि विकास शाखा | १ | ४५०० | 4500 |
| ९ | पशुपंक्षी तथा मत्स्य विकास शाखा | १ | 2000 | 2000 |
| १० | महिला तथा बालविकास शाखा | १ | 1000 | 1000 |
| ११ | सूचना तथा प्रविधि शाखा व्यवस्थापन | १ | ० | ० |
| १२ | प्रशासन, योजना तथा अनुगमन शाखा | १ | ० | ० |
| १३ | पूर्वाधार विकास शाखा | १ | ० | ० |
| १४ | आर्थिक प्रशासन शाखा | १ | ० | ० |
| १५ | आन्तरिक लेखा परीक्षण ईकाइ | १ | ० | ० |
| १६ | **वडास्तरीय चालु(प्रशासनिक) खर्च** | ८ | ६०० | **4800** |
| १७ | **वडास्तरीय योजना तथा कार्यक्रम (८वटै वडा)** | १ | ३७३७४ | **37374** |
| १८ | राजश्व सम्बन्धी कार्यक्रम | १ | ३०० | 300 |
| १९ | रोजगार सेवा केन्द्र | १ | २५० | 250 |
| २० | मेडिकल अधिकृत(एम.बि.बि.एस) को व्यवस्थापन खर्च | १ | १५०० | 1500 |
| २१ | निशुल्क एम्बुलेन्स संचालन खर्च(मर्मत तथा इन्धन) | १ | १००० | 1000 |

| | | | | |
|---|---|---|---|---|
| २२ | वन तथा वातावरण क्षेत्र | १ | 500 | 500 |
| २३ | घरेलु तथा लघुउद्यम प्रवर्द्धन कार्यक्रम | १ | 500 | 500 |
| २४ | न्यायिक समिति | १ | 500 | 500 |
| २५ | किमाड जडीबुटी तथा प्रशोधन अनुसन्धान | १ | 1000 | 1000 |
| २६ | गा पा डकुमेन्ट्री निर्माण | १ | ५०० | 500 |
| २७ | भुमिसम्बन्धी लगत संकलन इकाई | १ | 1000 | 1000 |
| २८ | संस्कृति तथा पर्यटन प्रवर्द्धन योजना तथा कार्यक्रम | १ | 500 | 500 |
| २९ | श्रम सहकारी सम्बन्धी कार्यक्रम | १ | 1000 | 1000 |
| ३० | ऊर्जा सम्बन्धी योजना तथा कार्यक्रम | १ | ८०० | 800 |
| ३१ | खोज तथा अनुसन्धान | १ | 2000 | 2000 |
| ३२ | दलित, जनजाती, अपाङ्ग, अल्पसंख्यक वर्ग लक्षित कार्यक्रम | १ | 1000 | 1000 |
| ३३ | अति गरिब बिपन्न बर्गको लागि राहात कार्ड वितरण तथा व्यवस्थापन | १ | 2000 | 2000 |
| ३४ | ग्याबिन तार जाली खरिद | १ | १००० | 1000 |
| ३५ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १ | २०० | 200 |
| ३६ | उपभोक्ता समितिलाई अभिमुखिकरण र दक्ष कामदारलाई तालिम | १ | ४७६ | 476 |
| ३७ | शान्ति सुरक्षा (प्रहरी चौकीहरुलाई व्यवस्थापन सहयोग) | ३ | १०० | 300 |
| ३८ | सडक मर्मत सम्भार( जे सि बि संचालनको लागि इन्धन खर्च समेत) | १ | ३००० | 3000 |
| ३९ | प्रकोप व्यवस्थापन कोष | १ | ३००० | 3000 |
| ४० | संघीय समपुरक अनुदान (समपुरक कोष) | १ | 5000 | 5000 |
| ४१ | प्रदेश समपुरक अनुदान (समपुरक कोष) | १ | 5000 | 5000 |
| ४२ | अन्य समपुरक कोष | १ | ५००० | 5000 |
| | **कुल जम्मा व्यय** | | | 225681 |
| | **कुल आय** | | | २२५६८१ |